**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः १६ मार्च २०२३

समयः १८:५० - १६:०० बजे

**प्रमुख समाचार**

१. मुख्य चुनाव आयुक्त राजीव कुमारले आम चुनावको घोषणा गर्दै कुल ५ सय ४३ संसदीय सीटको चुनाव ७ चरणमा हुने घोषणा गर्नुभएको छ।

२. दार्जीलिङ लोकसभाको चुनाव आगामी २६ अप्रेलको दिन हुनेछ।

३. पश्चिम बंगालमा ७ चरणमा मतदान गराईनेछ।

४. पश्चिम बंगालका राज्यपाल सी.बी आनन्द बोसले राज्यका मंत्री , राज्यमंत्री एवं विधायकहरूको वेतन वृद्धिको लागि विधेयकमा हस्ताक्षर गर्नुभएको छ।

५. जीटिए पावर विभागबाट प्राप्त सोलर लाईटको मरमतिको तथा पुनः निमार्णको कार्य शुरू भएको छ।

६. सिलीगुड़ी जिल्ला अस्पतालमा बायोस्पी सेवा शुरू भएको छ।

**ईलेक्शन**

दार्जीलिङ लोकसभाको चुनाव २६ अप्रेलनको दिन हुनेछ भने सिक्किम विधानसभाको ३१ सीटअनि एउटै लोकसभा सीटका लागि एकै चरणमा १६ अप्रेलको दिन मतदान गराइनेछ। भारतीय चुनाव आयोगका मुख्य चुनाव आयुक्त राजव कुमारले आज नयाँ दिल्लीको विज्ञान भवनमा आयोजित प्रेस कन्फ्रेन्समा लोकसभा चुनाव २०२४ का तारिखहरूको घोष्ज्ञणा गर्नुभयो। आम चुनाव जम्मा ७ चरणमा गराइने घोषणा गर्दै पश्चिम बंगाल, बिहार र उत्तर प्रदेशमा सात चरणमा मतदान हुने घोषणा गर्नुभयो। प्रथम चरणमा मतदान हुने घोषणा गर्नुभयो। प्रथम चरणमा अलीपुरद्वार जलपाईगुड़ी र कोचबिहारको लागि मतदान गराने छ भने दोस्रो चरणमा बालुघट, रायगंज र दार्जीलिङ लोकसभा आसनका लागि मतदान गराईनेछ। यसरीनै अरूधाचल प्रदेश , आन्ध्रप्रदेश, ओड़िशा विधानसभाको चुनाव पनि लोकसभा चुनाव संगै हुने छ। अन्तिम चरण्को मतदान एक जूनको दिन हुनेछ भने ४ जुनको दिन मतगणना गराईनेछ। यस उपरान्त विभिन्न राज्यका २६ विधानसभासीटमा उपचुनाव पनि संगै गराईनेछ।

****** ० ******

**एपोईमेन्ट**

भारतीय सूचना सेवाका वरिष्ठ अधिकारी सुश्री मौसमी चक्रवती समाचार सेवा प्रभाग ,आकाशवाणी समाचारका महानिदेशको पदमा नियुक्त हुनेछन्। वर्तमान प्रमुख महानिदेशको आवकाशपछि सुश्री चक्रवतीले पदभार ग्रहण गर्नेछिन्। सुरी चक्रवतीले यस अघि पदहरू सम्हालिसकेकी छन्। हालमा उनी नयाँ दिल्लीको आकाशवाणी समाचारको समाचार सेवा विभागमा ओएसडीको पदमा छन्।

****** ० ******

**गर्भनर**

पश्चिम बंगालका राज्यपाल  सीवी आनन्द बोसले आगामी आम चुनावमा सतर्क रहने अनि  राज्यमा हिंसा र भ्रष्टाचार हटाउने वाचा गर्नु भएको छ ।श्री बोसले आज  निर्वाचन प्रक्रियाको पहिलो दिनदेखि नै मैदानमा उपस्थित हुने इच्छा व्यक्त गर्नु भएको

छ । उहाले आम जनताको सेवामा समर्पित भएर मतदानको दिन बिहान ६ बजेदेखि सडकमा उत्रने योजना रहेको बताउनु भएको छ ।उहाले भन्नु भयो चुनावका लागि आफ्नो दुई मुख्य प्राथमिकता हिंसा र भ्रष्टाचारको अन्त्य गर्नु हो। उल्लेखनीय छ निर्वाचन आयुक्त राजीव कुमारले चुनावको समयमा हिंसालाई कदापि सहन नगरिने चेतावनी दिनुभएको छ |

****** ० ******

**governor-mla-allowance**

पश्चिम बंगालका राज्यपाल सीवी आनन्द बोसले अन्ततः राज्यका मन्त्री, राज्यमन्त्री एवं विधायकहरूको वेतन वृद्धिको लागि विधानसभामा पेश गरिएको विधेयकमा हस्ताक्षर गर्नु भएको छ। नयाँ वित्तीय वर्ष आरम्भ हुनपूर्व राज्यपाल ले यस बिलमा सहमती जताउनु भएको छ | यसैले आगामी अप्रेल महिनाको पहिलो तारिकदेखि विधायकहरूले बढ़ेको भत्ता पाउन थाल्नेछन्। आज बिहान राजभवनबाट एक्स ह्याण्डलमा पोस्ट गरियो, राज्यपालले दुवै विधेयकमाथि आफ्नो सहमति व्यक्त गरेका छन् जसमा पश्चिम बंगाल विधानसभा सदस्य वेतन (संशोधन) विधेयक- 2023 र पश्चिम बंगाल वेतन औ भत्ता (संशोधन) विधेयक- 2023 सामेल छन्। पहिलो बिलमा विधायकहरूको वेतन अनि दोस्रो बिलमा मन्त्री, राज्यमन्त्रीहरूको वेतन वृद्धिको कुरा उल्लेख गरिएको छ।गत वर्षको सेप्टेम्बर महिनामा विधानसभाको मनसून सत्रमा मुख्यमन्त्री ममता ब्यनर्जीले सबै मन्त्री, राज्यमन्त्री एवं विधायकहरूको वेतन वृद्धि गर्ने घोषणा गर्नु भएको थियो । मुख्यमन्त्रीले भन्नु भएको थियो - "हाम्रो राज्यका विधायकहरूको वेतन देशमै सबैभन्दा कम छ। यसैले राज्य सरकारले विधायकहरूको वेतन बढ़ाउने फैसला लिएको छ।"वास्तवमा विधायकहरूको वेतन 10 हजार रुपियाँ प्रतिमहिना थियो जुन बढ़ेर 50 हजार रुपियाँ भएको छ। राज्यका मन्त्रीहरूलाई 10 हजार 900 रुपियाँ प्रतिमहिना दिइन्थ्यो भने अब यसलाई बढ़ाएर 50 हजार 900 रुपियाँ बनाइएको छ। यसरी नै राज्यमा पूर्ण मन्त्रीहरूको वेतन 11 हजार रुपियाँ थियो भने अब उनीहरूले 51 हजार रुपियाँ पाउनेछन्।

****** ० ******

**ममता व्याानर्जी**

ज्ञात रहोस मार्च २०२१ देखि मार्च २०२४ बीच सुश्री व्यानर्जी पाँचपल्ट दुर्घटनाको मुखेंजीमा पर्नुभएको छ। विधानसभा चुनावको अवधि नन्दीग्राममा जब उहाँ उम्मेद्वार हुनुहुन्थ्यो त्यस समय वाहन दुर्घ्टनाग्रस्त भएको कारण ?खुट्टामा चोट लागेको थियो। गत वर्ष पंचायत चुनाव पूर्वमा सुश्री व्यानर्जी घाइते हुनुभएको थियो। २७ जुन उहाँ जलपाईगुड़ी बाट बागडोगरा हवाई अड्डा जाने समयमा मौसमको खराबीको कारण हेलीकप्टरमासवार हुनुहुन्थ्यो त्यस समय पनि उहाँलाई चोट लागेको थियो। २३ सितम्बर २०२३ मा स्पेन बाट कोलकाता फर्किदापनि चोट लागेको थियो। यसैबीच घरमा हिडँदा हुँदी लड़दा शिर अनि नाकमा उहाँलाई चोट लागेको छ। कोलकाता पुलिसको स्पेशल इन्वेस्टिगेशन टिमले घटनको जाँच गरिरहेको छ।

****** ० ******

**सरकार-FLNAT**

सरकारले नवभारत साक्षरता कार्यक्रम अंतर्गत भोलि 23 राज्यहरुमा आधारभूत साक्षरता अनि संख्या ज्ञान आंकलन परीक्षा - **FLNAT**गराउनेछ। केंद्रीय शिक्षा मंत्रालयले भनेको छ- लगभग 37 लाख शिक्षार्थीहरु यस महत्वपूर्ण राष्ट्रव्यापी आकलन परीक्षामा सामेल हुनेछन्। **एफ एल एन ए टी** मा भाग लिने सबै राज्यहरु अनि केंद्रशासित प्रदेशहरुका सबै जिल्लाहरुमा आयोजित गरिनेछ। आकलन परीक्षामा तीनवटा विषय-पाठन, लेखन अनि संख्या ज्ञान- सामेल छन्। मंत्रालयले भनेको छ- यो परीक्षा राष्ट्रीय शिक्षा नीति 2020 को आधारमा सबै शिक्षार्थिहरुका क्षेत्रीय भाषाहरुमा आयोजित गरिनेछ। यस पल्ट चंडीगढ, पुदुचेरी, लक्षद्वीप अनि गोवालाई एफ एल एन ए टी को माध्यम द्वारा शत-प्रतिशत साक्षरता घोषित गर्न सक्छ। यो परीक्षा नवभारत साक्षरता कार्यक्रम अंतर्गत चलाइएको अध्यापन शिक्षण सत्रको प्रभावबारे आकलन गर्नको लागि महत्वपूर्ण छ। यस परीक्षामा उत्तीर्ण हुने शिक्षार्थिहरुलाई आधारभूत साक्षरता अनि संख्या ज्ञान कौशल प्राप्त गर्ने सम्बन्धमा प्रमाण पत्र प्रदान गरिनेछ।

****** ० ******

## जीटीए- सोलर लाइट

जीटीएको पावर विभागबाट प्राप्त सोलर लाइटको मरमत्ति तथा पुनः निर्माणको कार्य शुरू भएको छ। यस कार्यको उद्घाटन आज जीटीएको महिला तथा बाल कल्याण विभागका कार्यकारी सभासद कल्पना प्रधानको बाहुलीबाट गरियो। कार्यक्रमलाई सम्बोधन गर्दै सभासद कल्पना प्रधानले यस स्ट्रीट लाइटको जडानले दुधे क्षेत्र अझ उज्यालो बन्ने बताउनुभयो। मनोनित सभासद प्रणाम रसाइलीले दुधेसँगै पंखाबारीमा पनि यस प्रकारको लाइट जडान गरिने जानकारी दिए।

****** ० ******

**बायोस्प्री सर्विस**

सिलीगुड़ी जिल्ला अस्पतालमा बायोस्पी सेवा शुरू भएको छ। सिलीगुड़ीका मेयर वा सिलीगुड़ी जिल्ला अस्पताल रोगी कल्याण समितिका चैयरमैन गौतम देवले आज शनिवार बायोप्सी सेवाको उद्घाटन गर्नुभएको छ। यसबाहेक अस्पताल बाहिर पाँच काउण्टर पनि खोलिएको छ। अर्कोतिर गर्भवती महिलाहरू वृद्धा व्याक्तिहरूका लागि पनि अलग काउण्टर खेलिएको छ। बायोस्पी संगसंगै अन्य कतिपय सेवाहरू पनि यहाँ शुरू गरिएको छ। री देवले भन्नुभएको छ– जिल्ला अस्पतालले केन्द्र सरकारको कायाकल्प परियोजनामा प्रथम स्थान प्राप्त गरेको छ। रोगीहरूको निम्ति उत्तम सेवा अनि जिल्ला अस्पातलालाई अझ साफ –सुधार राख्ने प्रयास भइरहेको उहाँले बताउनु भएको छ।

****** ० ******

## भाजपा- खरसांग

आज गोरखा जन पुस्तकालय भवनमा भारतीय जनता पार्टी (भाजपा) चुनाव कमिटी लाई लिएर एक सभा सम्पन्न भयो |भाजपा दार्जीलिङ लोकसभा सयोजक कालिचिनिका बिधायक विशाल लामा लगायत राज्य महासचिव फाल्काटाका बिधायक दिप बर्मणकोको उपस्थितिमा भएको यस सभामा पार्टीका चुनावी पदधिकारीहरुलाई आ- आफ्नो जिम्मेवारी बारे जानकारी गराएको छ । सभामा पार्टी अध्यक्ष कल्याण देवान,महासचिव सोना लामा ,राजू राई,उपाध्यक्ष एल एम लामा , राजन मुखिया , सिलिगुडी बिभाग प्रभारी मनोज देवान उपस्थिति रहेका थिए ।आर बी लामा लाई खरसांग विधान सभा सैयोजक अनि मदन जोगीलाई सह-सैयोजक चयन गरिएको छ |

****** ० ******

## कलबुर्गी - पीएम जनसभा

प्रधानमंत्री नरेंद्र मोदीले लोकसभा चुनावको अवधि भ्रष्टाचार समाप्त गर्ने अनि विकासको लागि जनता सित समर्थन मांग्नुभएको छ। श्री मोदीले आज कर्नाटकको कलबुर्गीमा एक जनसभालाई संबोधित गर्दै भन्नुभयो- कर्नाटकमा आयुष्मान भारत योजना अंतर्गत अस्सी लाख मानिसहरुलाई लाभ पुगेको छ अनि 75 लाख परिवारलाई जलजीवन मिशन अन्तर्गत कलद्वारा पानी प्राप्त भएको छ। उहाले भन्नुभयो- उज्जवला योजना द्वारा 40 लाख भन्दा अधिक महिलाहरुलाई खाना पकाउने गैस कनेक्शन प्राप्त भएको छ। प्रधानमंत्री आवास योजना अन्तर्गत आठ लाख मानिसहरुलाई घर प्राप्त भएको छ। छह हजार करोड रुपयेको लागतमा कलबुर्गी-रायचूर छह लेन राजमार्गको घोषणा गरिएको छ। यस बाहेक हुम्नाबाद-कलबुर्गी रेल लाइनको पनि घोषणा गरिएको छ। उहाले कर्नाटकलाई कृषि अनि औद्योगिक केंद्र बनाउनका लागि मोदीको ग्यारेन्टीको आश्वासन दिनुभयो। श्री मोदीले राज्यमा लूट अनि कुशासनको लागि कांग्रेस सरकारमाथि आरोप लगाउनुभयो ।

****** ० ******

****** ० ******